# परिच्छेद- ३
# सहकारी क्षेत्रको आर्थिक विश्लेषण र प्रक्षेपण

नेपालको संबिधानले समाजवाद उन्मुख अर्थव्यवस्था निर्माण गर्ने एउटा आधारस्तम्भको रूपमा सहकारी क्षेत्रलाई आत्मसात् गरेको छ। मुलुकको चौधौं योजना (२०७३/७४-२०७५/७६) ले सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तारमार्फत दिगो, समतामूलक, आर्थिक समाजिक विकासमा उल्लेख्य योगदान पुग्ने अपेक्षा लिएको छ। विभिन्न अन्तर्राष्ट्रिय अनुभवहरूले समेत सहकारीमार्फत बचत तथा लगानी वृद्धि गर्दै आर्थिक, सामाजिक पुँजी निर्माण, स्रोत तथा साधनको प्रभावकारी परिचालन र रोजगारीको अवसरहरूको सृजनामार्फत समग्र आर्थिक वृद्धि र विकासमा प्रशंसनीय योगदान गरेको देखाउँछ।

## ३.१ अर्थतन्त्रमा सहकारीको योगदान : अन्तर्राष्ट्रिय स्थिति

सन् २०१४ मा संयक्त राष्ट्रसंघको सचिवालयमा प्रस्तुत गरिएको Global Census on Cooperatives[1] नामक प्रतिवेदनमा सहकारी क्षेत्रले विश्व अर्थतन्त्रको कुल आयमा ४ प्रतिशतको योगदान गरेको उल्लेख छ। उक्त तथ्यांकबाट सहकारीको युरोपमा सबैभन्दा बढी (७%) को योगदान देखिन्छ भने उत्तर अमेरिकामा ४ प्रतिशतको योगदान गरेको देखिन्छ। एसिया महाद्वीपमा उक्त योगदान करिब ३ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ।

त्यसैगरी, यस क्षेत्रले प्रत्यक्ष रूपमा एक करोड पच्चीस लाखभन्दा बढीलाई रोजगारी सिर्जना गर्नका साथै करोडौंको संख्यामा अप्रत्यक्ष रोजगारी सृजना गरेको अनुमान छ। प्रतिवेदनअनुसार सहकारीमा नागरिकहरूको उल्लेख्य सहभागिता रहेको देखाएको छ। करिब २६ लाख १४ हजार सहकारीहरूमा १ खर्ब ७ करोड १८ लाख सदस्य वा ग्राहकहरू संलग्न रहेको तथ्यांक छ, जुन विश्व जनसंख्याको करिब १६ प्रतिशत हुन आउँछ। युरोप तथा उत्तर अमेरिकाको सहकारीमा सहभागी सदस्य वा ग्राहकको हिस्सा जनसंख्याको क्रमशः करिब ४६ प्रतिशत र ३९ प्रतिशत रहेको छ। जुन एसिया र अफ्रिकाको हकमा करिब १३ प्रतिशत रहेको छ।

**तालिका ३.१ : विश्व अर्थतन्त्रमा सहकारीको योगदान**

| क्षेत्र | सहकारी संख्या | सदस्य संख्या | सदस्य र जनसंख्याको अनुपात (% मा) | प्रत्यक्ष रोजगारी | रोजगारी र जनसंख्याको अनुपात (% मा) | सहकरीका कार्यालय | कुल सम्पत्ति (१० लाख) | कुल आय (१० लाख) | आय र कुल गार्हस्थ उत्पादनको अनुपात (% मा) |
|---|---|---|---|---|---|---|---|---|---|
| अफ्रिका सव-सहारा | ८५,२६० | १८,५०९,६०५ | २.७३ | १०,९१४ | ०.००१ | ५,८४४ | १०,८४७ | ८५२ | ०.०८५ |
| एसिया | १,९३३,२९९ | ४८४,१०५,६९५ | १२.६८ | ४,३०६,५२१ | ०.१५ | ४८१,८७१ | ३,८४७,३२९ | ६५३,६२९ | ३.२५५ |
| क्यारेबियन | १,०४९ | ३,५८३,५११ | १२.९४ | ५४,५६९ | ०.००१ | ४६२ | ५,९३५ | १८३ | ०.१३५ |
| युरोप | ३५६,३८० | ३६८,००६,४६३ | ४५.५५ | ५,२४८,८५२ | ०.६५ | २२४,५९३ | ११,६८८,१६५ | १,४८२,४८२ | ७.०८५ |
| ल्याटिन अमेरिका | ४२,७६५ | ४४,१७९,१०४ | ७.८१ | ८१६,१२२ | ०.१४ | १४,९१३ | ८३,८८७ | १८,३६० | ०.३३५ |
| मध्य पूर्व र उत्तर अफ्रिका | १६२,७७९ | ४,५३७,०८४ | १.५७ | ३७,७१४ | ०.०१ | १,०९५ | ३१,६८२ | ३,६१९ | ०.२७५ |
| उत्तर अमेरिका | ३१,०७८ | १३४,७२५,८९१ | ३८.६३ | १,६७५,७७८ | ०.४८ | ४१,७५० | ३,८२५,८३७ | ७४४,२२८ | ४.१२५ |
| ओसेनिया | १,९८८ | १४,१४२,८१४ | ०.३८ | ४६०,२७८ | १.२३ | १,४६० | ११३,७४७ | ५९,५४३ | ३.४६५ |
| विश्व | २,६१४,५९८ | १,०७१,७९०,१६७ | १६.३१ | १२,६१०,७४८ | ०.१९ | ७७१,९८८ | १९,६०७,४२८ | २,९६२,८९६ | ४.०० |

स्रोतः Global Census on Cooperative, 2014

1 www.un.org/esa/socdev/documents/2014/coopsegm/grace.pdf

सहकारी क्षेत्रबाट समग्रतामा विश्व अर्थतन्त्रमा माथि उल्लेखित योगदान रहे पनि विभिन्न देशहरूमा भिन्न प्रकारको योगदान रहेको देखिन्छ। जस्तो केन्यामा सहकारीले मात्र कुल गार्हस्थ उत्पादनको करिब ४५ प्रतिशतभन्दा बढी योगदान गरेको छ, जुन विश्वमा नै सबैभन्दा बढी हो। यसका अलावा केन्याको कुल बचतमा सहकारीहरूको ३५ प्रतिशतभन्दा बढी योगदान रहेको छ। यस देशमा सहकारी क्षेत्रले कृषि, बैंकिङ, मार्केटिङ, यातायात तथा आवास निर्माण जस्ता क्षेत्रमा ३.२ लाखभन्दा बढीलाई प्रत्यक्ष रोजगारी प्रदान गर्नुको साथै अप्रत्यक्ष रूपमा करिब १५ लाख केन्यालीहरूलाई रोजगारी प्रदान गरेको छ। त्यसैगरी, करिब १५००० सहकारीहरूमा १ करोड २० लाखभन्दा बढी सहकारी सदस्यहरू रहेका छन्। फ्रान्समा करिब २१००० भन्दा बढी सहकारीहरू सञ्चालनमा रहेका छन् र यी सहकारीहरूले १० लाखभन्दा बढीलाई प्रत्यक्ष रोजगारी प्रदान गरेका छन्, जुन फ्रान्सको कुल श्रमशक्तिको करिब ३.५ प्रतिशत हो। त्यसैगरी, ग्राहक वा सदस्यको रूपमा सहकारीमा आबद्ध हुनेको संख्या करिब २.३ करोड रहेको छ। यो फ्रान्सको जनसंख्याको करिब ३८ प्रतिशत हुन आउँछ। कृषि उत्पादनमा संलग्न कृषकहरूमध्ये करिब ७५ प्रतिशत कृषि सहकारीको सदस्य रहनुका साथै हरेक ३ कृषकमा १ जना सहकारी बैंकको सदस्य रहेका छन्। फ्रान्समा खास गरी सहकारीले कृषि, उद्योग, वित्त र व्यापार जस्ता अर्थतन्त्रका महत्वपूर्ण क्षेत्रहरूमा काम गर्दै आएका छन्। दक्षिण अमेरिकी देश उरुग्वेमा सहकारीहरूले आवास निर्माण, कृषि तथा वित्तीय क्षेत्रमा महत्वपूर्ण स्थान ओगटेका छन्। कुल गार्हस्थ उत्पादनमा करिब ३ प्रतिशत योगदान सहकारीको रहेको छ भने कुल दुग्ध उत्पादनको करिब ९० प्रतिशत, गहुँ उत्पादनको ३० प्रतिशत हिस्सा सहकारीले ओगटेको छ। उरुग्वेका सहकारीहरूले उत्पादन गरेका वस्तु तथा सेवाको करिब ६० प्रतिशतभन्दा बढी विश्वका ४० भन्दा धेरै देशहरूमा निर्यात हुने गरेको छ।

दक्षिण एसियाका विभिन्न देशहरूमध्ये भारतमा सहकारीको योगदान करिब ४.१३ प्रतिशत रहेको अनुमान छ। ग्रामीण भारतका करिब ९७% गाउँहरू र ७०% घरहरू सहकारीमा आबद्ध भएका छन्। गुजरातमा दुग्ध र महाराष्ट्रमा चिनी उत्पादन क्षेत्रमा सहकारीको उल्लेख्य योगदान रहेको छ। यसैगरी श्रीलंकामा करिब ४ प्रतिशत देखिन्छ भने बंगलादेशमा पनि करिब ३ प्रतिशतको योगदान रहेको उल्लेख छ। यसरी हेर्दा नेपालका छिमेकी मुलुकहरूमा सहकारीको योगदान करिब ३ देखि ४ प्रतिशतको रहेको देखिन्छ जुन ग्लोबल औसतको हाराहारी रहेको देखिन्छ। नेपालमा पनि सहकारीको योगदान करिब ३ प्रतिशत रहेको अनुमान गरियको छ (तालिका ३.२)।

तालिका ३.२ : विभिन्न देशको अर्थतन्त्रमा सहकारीको योगदान[2]

| क्र.स. | देश | कुल गार्हस्थ उत्पादनमा सहकारीको योगदान (% मा) |
|---|---|---|
| १ | केन्या | ४५.०० |
| २ | न्युजिल्यान्ड | २०.०० |
| ३ | फ्रान्स | १८.०० |
| ४ | ब्राजिल | ५.३९ |
| ५ | उरुग्वे | ३.०० |
| ६ | स्कटल्यान्ड | ४.२५ |
| ७ | कोलम्बिया | ४.९६ |
| ८ | भारत+ | ४.१३ |
| ९ | श्रीलंका | ३.७५ |
| १० | बंगलादेश+ | ३.०० |
| ११ | नेपाल++ | ३.०० |

स्रोतः फुटनोट

+ सहकारीको कारोबारको आधारमा अनुमानित

++ आर्थिक सर्वेक्षण, २०७२/२०७३

## ३.२ नेपालको समष्टिगत आर्थिक स्थिति

आ.व. २०७२/७३ मा ०.७७ प्रतिशत रहेको आर्थिक वृद्धिदर आ.व. २०७३/ ७४ मा करिब ६.९४ प्रतिशत रहने अनुमान गरिएको छ। विगत वर्षहरूमा अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गइरहेको भए पनि कुल गार्हस्थ उत्पादनमा यसको अंश अझै करिब एक तिहाइ रहेको छ। त्यसैगरी, सेवा क्षेत्रको योगदान प्रत्येक वर्ष बढिरहेको देखिन्छ भने औद्योगिक क्षेत्रको योगदान स्थिर प्रायः रहेको छ। आर्थिक वर्ष २०७२/७३मा कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादनमा ३१.१ प्रतिशत योगदान गरेकोमा आर्थिक वर्ष २०७३/७४मा यो हिस्सा घटेर २८.९ प्रशिशत हुन पुगेको छ। त्यसैगरी, आर्थिक वर्ष २०७३/७४ कुल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रले ५५.९९ प्रतिशत योगदान दिएको छ। नेपालको अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान आर्थिक वर्ष २०७३/७४मा १४ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षकै हाराहारीमा रहेको छ।

[2] Source: http://www.lankabusinessonline.com, World Bank, http://ica.coop/en/co-op-facts-and-stats, https://softkenya.com/kenya/cooperatives-in-kenya

### चित्र ३.१ : बृहत् औद्योगिक समूहअनुसार कुल गार्हस्थ उत्पादनको अंश




स्रोत: केन्द्रीय तथ्याङ्क बिभाग, २०७४

क्षेत्रगत आधारमा राष्ट्रिय आयको गणनाका लागि समग्र आर्थिक गतिबिधीलाई कुल पन्ध्र वटा क्षेत्रमा विभाजन गरिएको छ। यसमध्ये सहकारीलाई वित्तीय मध्यस्थताअन्तर्गत राखिएको छ। यो क्षेत्रभित्र बैंकिङ समूहमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनीहरूका साथै सहकारी संस्थाहरूको कारोबार संलग्न रहेका छन् भने बीमा समूहमा बीमा समिति, जीवन बीमा र निर्जीवन बीमा कम्पनीहरूको कारोबारहरू रहेका छन्। त्यस्तैगरी, सामाजिक सुरक्षा योगदान समूहमा नेपाल धितोपत्र बोर्ड, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष आदिका कारोबारहरू रहेका छन्। बैंक तथा वित्तीय संस्थाहरूको संख्या र कारोबारमा भएको वृद्धिसँगै यो क्षेत्रबाट कुल गार्हस्थ उत्पादनमा हुने योगदान पनि क्रमशः वृद्धि हुँदै आएको छ। आर्थिक वर्ष २०५८/५९ र २०६७/६८मा वित्तीय मध्यस्थताको कुल गार्हस्थ उत्पादनमा क्रमशः २.७५ र ३.८८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ यो क्षेत्रको योगदान ५.२ प्रतिशत रहेको देखिन्छ।

वित्तीय क्षेत्रअन्तर्गत विभिन्न समूहहरूको योगदान गणना गरिएको अवस्थामा सहकारीमार्फत मात्र हुने मूल्य वृद्धिको अनुमान गर्न कठिन छ। तथापि सहकारीको बचत र लगानी तथा राष्ट्र बैंकअन्तर्गत रहेका बैंक तथा वित्तीय संस्थाको लगानीको अनुपातको आधारमा सहकारीको वित्तीय मध्यस्थताको भूमिका मात्रलाई गणना गर्दा यसको कुल गार्हस्थ उत्पादनमा करिब १ प्रतिशत योगदान हुन आउँछ। तर सहकारीको योगदान वित्तीय मध्यस्थतामात्र बाहेक अन्य क्षेत्रहरूमा प्रत्यक्ष रूपमा उत्पादन र वितरणमा समेत रहने हुँदा यस क्षेत्रको योगदान पक्कै पनि माथि उल्लेख गरिएभन्दा बढी हुन आउँछ। जस्तो- कृषि, गैरकृषि, सेवामूलक तथा अन्य सेवाअन्तर्गतका सहकारीहरूमार्फत गरिएका लगानी तत् तत् क्षेत्रमा गणना गरिएको हुँदा सहकारीको योगदान बढी हुनुपर्दछ।

**चित्र ३.२ : औद्योगिक वर्गीकरणअनुसार कुल गार्हस्थ उत्पादनको अंश**




स्रोत: आर्थिक सर्वेक्षण (२०७३/७४)

## ३.३ सहकारीको क्षेत्रको अवस्था

### ३.३.१ सहकारी क्षेत्रको पुँजी, बचत र ऋण लगानीको स्थिति

सहकारीको पुँजी, बचत तथा लगानी बर्सेनि बढ्दै गएको देखिन्छ तथापि उक्त वृद्धिदर उतारचढावयुक्त देखिन्छ। बितेको ५ वर्षमा सहकारी पुँजीमा औषत ३१ प्रतिशत, बचतमा औसत ३७ प्रतिशतको वृद्धि देखिएको छ भने ऋणमा औसत २२ प्रतिशतको वृद्धि भएको छ। यो आँकडाअनुसार आ.व. २०७२/७३मा सहकारी पुँजी ०.७१ खर्ब, बचत २.९६ खर्ब र लगानी २.९० खर्ब रहेको देखिन्छ। यस अनुरूप पुँजी, बचत र लगानीको मात्रा बढेको देखिन्छ भने बचत र लगानीको भिन्नता पनि बढिरहेको देखिन्छ। यो तथ्यांकले सहकारी क्षेत्रको बचत तथा ऋण परिचालन क्षमतामा क्रमशः वृद्धि भइरहेको अवस्थालाई उजागर गरेको छ (तालिका ३.३)।

**तालिका ३.३ : सहकारी क्षेत्रको पुँजी, बचत र ऋण लगानीको स्थिति (रु. खर्बमा)**

| | पुँजी | पुँजी वृद्धि दर | बचत | बचत वृद्धि दर | ऋण लगानी | ऋण लगानी वृद्धि दर |
|---|---|---|---|---|---|---|
| २०६८/६९ | ० .२७ | | १ .४० | | १ .३३ | |
| २०६९/७० | ० .३३ | २३.४५ | १ .५८ | १३ .३४ | १ .३४ | ०.४१ |
| २०७०/७१ | ० .६१ | ८२ .९० | १ .७३ | ९ .०८ | १ .५५ | १५ .५५ |
| २०७१/७२ | ० .६३ | ३ .०६ | २ .०२ | १७ .३३ | १ .८८ | २१ .६३ |
| २०७२/७३ | ० .७१ | १३ .१५ | २ .९६ | ४६ .१० | २.९० | ५४.१० |
| औसत | | ३०.६४ | | ३६ .७० | | २२.७१ |

स्रोत: सहकारी विभागको तथ्याङ्क, २०७३/७४

### ३.३.२ क्षेत्रगत सहकारीको पुँजी, बचत र ऋण लगानीको स्थिति

सहकारी संख्याको आधारमा बचत तथा ऋण समूहले करिब ४१ प्रतिशत हिस्सा ओगटेको छ भने कृषिसम्बन्धी सहकारीको हिस्सा ३७ प्रतिशत रहेको देखिन्छ। यसैगरी सेवासम्बन्धी सहकारीको शेयर १६ प्रतिशत देखिन्छ भने गैरकृषि सहकारी समूहको हिस्सा जम्मा ७ प्रतिशत रहेको छ। यस अर्थमा बचत तथा ऋण सहकारी तथा कृषि सहकारी संख्याको आधारमा धेरै असमानता नरहे पनि शेयर पुँजी, लगानी तथा बचत परिचालनको आधारमा बचत तथा ऋण सहकारीको एकलौटी वर्चस्व

रहेको पाइन्छ। जस्तो शेयर पुँजीमा यो समूहको करिब ७५ प्रतिशता हिस्सा रहेको छ भने बचत र लगानीमा क्रमशः ७२ र ६५ प्रतिशत रहेको छ। जबकि कृषिसम्बन्धी सहकारीहरूको बचत र लगानी न्यून रूपमा क्रमशः ६ र १२ प्रतिशत मात्र रहेको छ। यस आधारमा बचत तथा ऋण सहकारीबाहेक अन्य सहकारी समूहको हिस्सा तुलनात्मक रूपमा न्यून रहेको देखिन्छ। वर्तमान संरचनाका आधारमा सहकारीलाई राष्ट्रिय अथतर्न्त्रको धरोहरको रूपमा उभ्भाउन र मूल्य अभिबृद्धि मार्फत समग्र आर्थिक विकासमा योगदान पुऱ्याउन चुनौतीपूर्ण देखिन्छ। यसका लागि बचत तथा ऋण सहकारीबाहेकको समूहमा पुँजी र लगानी बढाउनुपर्ने देखिन्छ।

**तालिका ३.४ : क्षेत्रगत सहकारीको पुँजी, बचत र ऋण लगानीको स्थिति (%)**

| सहकारीको प्रकार | संख्या | पुँजी | बचत | ऋण लगानी |
|---|---|---|---|---|
| कृषिसम्बन्धी सहकारी | ३६.४६ | ७.०० | ५.८० | १२.९६ |
| बचत तथा ऋण सहकारी | ४०.९८ | ७५.१२ | ७२.४४ | ६५.४० |
| गैरकृषि सहकारी | ६.४३ | १६.१४ | २१.४३ | २१.२५ |
| सेवासम्बन्धी सहकारी | १६.१४ | १.५१ | ०.३३ | ०.३९ |

श्रोत सहकारी बिभागको तथ्याङ्क (२०७३/७४)

### ३.३.३ कुल गार्हस्थ उत्पादनको अनुपातमा सहकारी क्षेत्रको पुँजी, बचत र ऋण लगानीको स्थिति

यसैगरी कुल गार्हस्थ उत्पादनसँग सहकारी क्षेत्रबाट भएको बचत र ऋणको अनुपात पछिल्ला आर्थिक वर्षहरूमा क्रमशः बढ्दै गएको देखिन्छ। आर्थिक वर्ष २०६६/६७ मा कुल गार्हस्थ उत्पादनसँग सहकारी बचतको अनुपात ३.६० प्रतिशत रहेकोमा यो अनुपात बढेर आर्थिक वर्ष २०७२/७३ मा ११.३८ प्रतिशत कुल पुगेको छ। त्यसैगरी, आर्थिक वर्ष २०६३/६४ मा ऋणको अनुपात ४.१० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा यो करिब ११.१५ प्रतिशत भएको छ। नेपाल राष्ट्र बैंकबाट स्वीकृत 'बैंक तथा वित्तीय कारोबार' गर्ने 'क' 'ख' 'ग' 'घ' वर्गका वित्तीय संस्थाहरूको बचत र ऋण लगानी कुल गार्हस्थ उत्पादनको अनुपातमा आ.व. २०६६/६७ मा ५७ र ४३ प्रतिशत रहेको देखिन्छ भने यो अनुपात बढेर आ.व. २०७३/७४ मा क्रमशः ८१ र ६४ प्रतिशत पुगेको देखिन्छ। यसअनुसार सहकारीको वित्तीय मध्यस्थताको भूमिकालाई मात्र गणना गर्दा सहकारीको आकार नेपाल राष्ट्र बैंकबाट स्वीकृत वित्तीय संस्थाहरूको तुलनामा करिब १/५ रहेको देखिन्छ।

**तालिका ३.५: कुल गार्हस्थ उत्पादनको अनुपातमा सहकारी क्षेत्रको पुँजी, बचत र ऋण लगानीको स्थिति (%)**

| | सहकारी | | | नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त वित्तीय संस्थाहरू | |
|---|---|---|---|---|---|
| | पुँजी | बचत | ऋण लगानी | बचत | ऋण लगानी |
| आ.व. | | | | | |
| २०६६/६७ | ० .६१ | ३ .६० | ४ .१० | ५६ .५६ | ४२.९० |
| २०६६/६७ | १ .०४ | ७ .२० | ५ .९० | ५७ .६५ | ४५ .४२ |
| २०६७/६८ | १ .७७ | ९ .१४ | ५ .८५ | ५७ .१९ | ४७ .०५ |
| २०६८/६९ | २ .१० | ९ .३३ | ७ .९३ | ६३ .२१ | ४७ .६४ |
| २०६९/७० | ३ .३४ | ८ .७८ | ६ .८१ | ६३ .६३ | ४९ .८४ |
| २०७०/७१ | ३ .२६ | ९ .५० | ७ .२६ | ६९ .३८ | ५४ .२२ |
| २०७१/७२ | ३ .४८ | १३ .१६ | ८ .३७ | ७८ .८४ | ६३ .०३ |
| २०७२/७३ | २ .७५ | ११ .३८ | ११ .१५ | ८१ .०८ | ६४.२२ |

स्रोत : आर्थिक सर्वेक्षणहरू (२०६३–२०७३), सहकारी विभागको तथ्याङ्क, नेपाल राष्ट्र बैंक, तथ्याङ्क विभाग

### ३.३.४ सहकारीको रोजगारीमा योगदान

सहकारीको संख्या र यसमा आबद्ध सदस्यहरूको संख्याको तुलनामा सहकारी क्षेत्रले प्रदान गरेको प्रत्यक्ष रोजगारीलाई कम मान्न सकिन्छ। आर्थिक वर्ष २०७२/७३ मा सहकारीले करिब ५६ हजारलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको थियो जसमा महिलाको संख्या करिब २६ हजार र पुरुषको संख्या करिब २९ हजार छ। आर्थिक रुपले सक्रिय जनसख्याको अनुपातमा सहकारीबाट सृजना भएको यो रोजगारी करिब ०.२ प्रतिशत मात्र हुन आउँछ।

सहकारी क्षेत्रले लगानीको माध्यमबाट कृषि, घरेलु तथा साना उद्योग, व्यापार, पर्यटन आदि जस्ता क्षेत्रहरूमा ठूलो मात्रामा अप्रत्यक्ष रोजगारीहरू सृजना गरेको अनुमान छ। तर यससम्बन्धी तथ्यांक उपलब्ध हुन नसक्दा सहकारीले रोजगारी सृजनामा गरेको योगदानको वास्तविक मूल्याङ्कन हुन सकेको छैन। चौधौं आवधिक योजनामा उल्लेख भएअनुसार आर्थिक वर्ष २०७२/७३ मा कुल जनसंख्याको करिब ९७.७ प्रतिशत जनसंख्या कुनै न कुनै प्रकारको रोजगारीमा (पूर्ण वा अपूर्ण) संलग्न रहेको देखिन्छ। सोही अवधिमा चालु मूल्यमा कुल गार्हस्थ उत्पादन रु. २५.९९ खर्ब रहेको छ जसमा सहकारी क्षेत्रले २.१७ प्रतिशतको योगदान गरेको अनुमान छ। यो योगदान चालु मूल्यमा करिब रु. ०.५६ खर्ब हुन आउँछ। उपरोक्त आँकडाहरूलाई आधार मान्दा प्रतिरोजगारी करिब ८१ हजार मूल्य बराबरको कुल गार्हस्थ उत्पादन सिर्जना गरेको छ। यस अनुरूप सहकारी क्षेत्रले करिब ६ लाख ३ हजार श्रम शक्तिलाई रोजगारी (प्रत्यक्ष वा अप्रत्यक्ष) प्रदान गरेको देखिन्छ। सहकारी क्षेत्रले सिर्जना गरेको कुल रोजगारीबाट यो क्षेत्रको प्रत्यक्ष रोजगारी घटाउँदा हुन आउने ५ लाख ४७ हजार रोजगारीलाई सहकारी क्षेत्रले प्रदान गरेको अप्रत्यक्ष रोजगारीको रूपमा व्याख्या गर्न सकिन्छ।

**तालिका ३.६ : आ.व. २०७२/७३ मा सहकारीमार्फत सृजित रोजगारी**

| | |
|---|---|
| प्रत्यक्ष रोजगारी | ५६४७५ |
| पुरुष | २९७८२ |
| महिला | २६६९३ |
| अप्रत्यक्ष रोजगारी | ५४७,००० |

स्रोत : सहकारी विभागको तथ्याङ्क (२०७३/७४) र अनुसन्धानकर्ताको विश्लेषण

### ३.३.५ सहकारीको पहुँच

नेपालका सहकारीमा नागरिकको सहभागिता उल्लेख्य वृद्धि भएको छ। आर्थिक रुपले सक्रिय जनसख्याका अनुपातमा यो सहभागिता आर्थिक वर्ष २०६८/६९ मा करिब २५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा करिब ३१ प्रतिशत भएको छ।यो संख्या नेपालको हालको जनसंख्याको आधारमा करिब २० प्रतिशत रहन आउँछ। तथापि एउटै व्यक्ति विभिन्न सहकारीमा आबद्ध हुने प्रवृत्तिसँगै सहकारीको वास्तविक पहुँच माथि उल्लेख गरेभन्दा कम हुन आउँछ। यसका साथै भौगोलिक, जातीय एवं सीमान्तकृत वर्गमा विषमता पनि रहेको पाइन्छ।

नेपालमा सहकारी क्षेत्रको विकास अघि बढेसँगै यो क्षेत्रमा महिलाहरूको सहभागितामा पनि बढेको छ। आर्थिक वर्ष २०७२/७३ सम्म आइपुग्दा सहकारीमा आबद्ध कुल सदस्य संख्याको करिब ५१ प्रतिशत हिस्सा महिलाको रहेको छ। पन्ध्र वर्ष माथिको अनुमानित महिला जनसंख्याको अनुपातमा महिला सहभागिता आर्थिक वर्ष २०६८/६९ मा २० प्रतिशत रहेकोमा आर्थिक वर्ष

२०७२/७३ मा यो अनुपात बढेर करिब ३० प्रतिशत हुन पुगेको छ। साथै यसको वृद्धिदर करिब ३५ प्रतिशतसम्म मापन गरिएको छ। यो तथ्यले सहकारी क्षेत्र आर्थिक क्रियाकलापमा मात्र सीमित नभई लैंगिक समानताका लागि उत्तिकै क्रियाशील रहेको तथ्य उजागर गरेको छ ( तालिका ३.७)।

**तालिका ३.७ : सहकारीको पहुँच**

| विवरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|
| कुल जनसंख्या (करोडमा) | २.६८ | २.७२ | २.७६ | २.८० | २.८४ |
| १५ भन्दा माथिको जनसंख्या (करोडमा) | १.८२ | १.८३ | १.८८ | १.९२ | १.९७६ |
| १५ वर्षभन्दा माथिको महिला जनसंख्या (करोडमा) | ०.९८ | ०.९६ | ०.९९ | १.०१ | १.०४ |
| १५ वर्षभन्दा माथिको पुरुष जनसंख्या (करोडमा) | ०.८४ | ०.८६ | ०.८८ | ०.९१ | ०.९३ |
| कुल रोजगारी सख्या (हजारमा) | ३९.५७ | ५२.०३ | ५३.९३ | ५८.१३ | ५६.४७ |
| सहकारी सदस्य संख्या (लाखमा) | ४६.४४ | ४३.५२ | ४५.५६ | ५१.०६ | ६०.३० |
| महिला सदस्य (लाखमा) | १९.३४ | १९.५३ | २१.०० | २२.८१ | ३०.८६ |
| पुरुष सदस्य (लाखमा) | २७.०९ | २३.९८ | २४.५६ | २८.२४ | २९.४४ |
| सहकारी रोजगारी र कुल जनसंख्या अनुपात (%) | ०.१५ | ०.१९ | ०.२० | ०.२१ | ०.२० |
| सहकारी सदस्य र कुल जनसंख्या अनुपात (%) | १७.२८ | १५.९७ | १६.४८ | १८.२१ | २१.२१ |
| महिला सदस्य र कुल जनसंख्या अनुपात (%) | ७.२ | ७.१७ | ७.६ | ८.१४ | १०.८६ |
| पुरुष सदस्य र कुल जनसंख्या अनुपात (%) | १०.०८ | ८.८ | ८.८९ | १०.०८ | १०.३६ |
| रोजगारी र १५ वर्ष माथिको जनसंख्या अनुपात (%) | ०.२२ | ०.२८ | ०.२९ | ०.३ | ०.२९ |
| सहकारी सदस्य र १५ वर्ष माथिको जनसंख्या अनुपात (%) | २५.३९ | २३.७३ | २४.२२ | २६.४८ | ३०.५४ |
| महिला सदस्य सहकारी सदस्य र १५ वर्ष माथिको जनसंख्या अनुपात (%) | १०.५८ | १०.६५ | ११.१६ | ११.८३ | १५.६३ |
| पुरुष सदस्यर १५ वर्ष माथिको जनसंख्या अनुपात (%) | १४.८२ | १३.०८ | १३.०५ | १४.६५ | १४.९१ |
| महिला सदस्य र १५ वर्ष माथिको महिलाको जनसंख्या अनुपात (%) | १९.६१ | २०.१७ | २१.१४ | २२.४१ | २९.६२ |
| पुरुष सदस्य र १५ वर्ष माथिको पुरुष जनसंख्या अनुपात (%) | ३२.१६ | २७.७२ | २७.६६ | ३१.०२ | ३१.५७ |
| महिला सदस्य र कुल सहकारी सदस्य अनुपात (%) | ४१.६५ | ४४.८८ | ४६.०९ | ४४.६८ | ५१.१८ |

स्रोत : आर्थिक सर्भेहरू (२०६३-२०७३), सहकारी विभागको तथ्याङ्क, नेपाल राष्ट्र बैंक, तथ्याङ्क विभाग

## ३.४ सहकारीको कुल गार्हस्थ उत्पादनमा योगदान

सहकारी क्षेत्रको नेपाली अर्थतन्त्रमा खास गरी देशको कुल गार्हस्थ उत्पादनमा गरेको योगदनको बारेमा वैज्ञानिक रूपमा लिपिबद्ध भएको देखिन्न। सहकारीका मुख्य सूचक जस्तै- बचत, लगानी, नाफा, ब्याजदर आदि आर्थिक वर्ष २०६८।६९ देखि मात्र उपलब्ध भएको पाइन्छ। यसरी थोरै वर्षको मात्र तथ्याङ्क उपलब्ध भएको कारण सहकारीको अर्थतन्त्रमा योगदान अनुमान गर्न चुनौतीपूर्ण रहेको छ। तथापि समष्टिगत रूपमा यो क्षेत्रले बचत तथा ऋणको परिचालनमार्फत रोजगारीको सृजना, लघु, साना तथा घरेलु उद्योगको विकास, कृषिको आधुनिकीकरण तथा सदस्यहरूको आर्थिक, सामाजिक सशक्तीकरणमा महत्वपूर्ण भूमिका खेलेको छ। विभिन्न अध्ययनले खासगरी विभिन्न घरधुरी एवं व्यक्तिको जनजीविका विविधीकरण, आयआर्जन, गरिबी निवारण, वित्तीय साक्षरता, वित्तीय सेवामा पहुँच, बचत तथा लगानी, स्वरोजगार, व्यावसायिक क्रियाकलाप, लैङ्गिक समानता आदि क्षेत्रमा उल्लेख्य प्रभाव परेको देखाएका छन्।

सहकारी क्षेत्रले नेपालको अर्थतन्त्रमा गरेको योगदान सम्बन्धी पर्याप्त तथ्यांक उपलब्ध नभए पनि यो क्षेत्रको कुल गार्हस्थ उत्पादनमा करिब ३ प्रतिशत[3] योगदान रहेको अनुमान गरिएको छ। तथापि उक्त अनुमानित योगदान विगत एक दशकदेखि ३ प्रतिशतकै हाराहारीमा रहेको भनिँदै आएको देखिन्छ। सहकारी मैत्री संविधान निर्माण हुनु, सहकारी सञ्चालन तथा व्यबस्थापन सम्बन्धी कानुनहरू अभ्यासमा रहनु, जनसंख्याको ठूलो हिस्सा यसमा सहभागी हुनु, कृषि सहकारीहरूको विकास तीव्र रहनु, बचत तथा ऋणमा पनि उल्लेखनीय वृद्धि हुनु, साथै सहकारी नेपालमा एक आर्थिक, सामाजिक आन्दोलनका रूपमा स्थापित हुनुले आउँदा वर्षहरूमा नेपालको अर्थतन्त्रका विविध आयामहरूमा सहकारीको योगदान बढ्ने अनुमान गर्न सकिन्छ।

सीमित तथ्यांकको वाबजुद यस अध्ययनले सहकारीको योगदान २.१७ प्रतिशत रहेको अनुमान गरिएको छ (तालिका ३.२) । आ.व. २०६७/६८ मा उक्त योगदान करिब १.५४ प्रतिशत रहेकोमा यो बढेर आ.व. २०७३/७४ मा २.१७ प्रतिशत पुगेको देखिन्छ। यो अनुमान विगत दुई दशकमा नेपालले हासिल गरेको औसत आर्थिक वृद्धिमा (३.५ प्रतिशत) सहकारीको योगदान करिब ०.७५ प्रतिशत रहन आउँछ। उक्त अनुमानका लागि प्रयोग गएिको बिधि र आधारहरूको विवरण अनुसुची ३ मा उल्लेख गरियको छ। सहकारीको वर्तमान स्थिति तथा विश्वका अन्य मुलुकमा सहकारी क्षेत्रको योगदान आदिको विश्लेषण गर्दासमेत नेपालमा सहकारीको योगदान माथि उल्लेख गरेअनुसार नै हुने तर्कसम्मत देखिन्छ। विकसित देशहरूमा समेत सहकारीको योगदान करिब ३ देखि ६ प्रतिशत रहेको देखिन्छ।

उक्त योगदान क्षेत्रगत सहकारीको आधारमा कृषिसम्बन्धी सहकारीको योगदान करिब ०.५६ प्रतिशत देखिन्छ भने बचत तथा ऋण सहकारीको ०.८२ प्रतिशत देखिन्छ। यसैगरी गैरकृषि सहकारी समूहको ०.७६ प्रतिशत योगदान अनुमान गरिएको छ भने सेवासम्बन्धी सहकारीको न्यून रूपमा ०.००८ प्रतिशत मात्र आकलन गरिएको छ। यो अनुमान चौधौं योजनामा प्रक्षेपित गरिएबमोजिमको सीमान्त पुँजी अनुपात र सहकारी क्षेत्रले गरेको २.१७ प्रतिशतको मूल्य अभिवृद्धिको आधारमा गणना गरिएको छ। बचत तथा ऋण सहकारी को संख्या, बचत र ऋण लगानी तुलनात्मक रुपमा बढी भएकोले यो क्षेत्रको योगदान अहिले को स्थितिमा केही बढी देखिएको छ। तथापि कृषि, गैरकृषि र सेवा सम्बन्धी सहकारी ले गर्ने मूल्य अभिबृद्धि बढी हुने भएकोले अनुपातिक रुपमा यस क्षेत्र को योगदान बचत र ऋण लगानी को अनुपातको आधारमा तुलनात्मक रुपमा धेरै हुन आउँछ। यस अनुमान अनुसार आ. ब. २०७३/७४ मा कृषि सहकारीको ०.५६ प्रतिशत, गैरकृषिको ०.७६ प्रतिशत, सेवा सम्बन्धी सहकारी को ०.००८ प्रतिशत र बचत तथा ऋण सहकारी को ०.८२ प्रतिशत अनुमान गरिएको छ। यस अनुमान अनुरुप हालको अबस्थामा बचत तथा ऋण सहकारीको सबैभन्दा धेरै र सेवा सम्बन्धी सहकारीको सबैभन्दा न्यून देखिन्छ (तालिका ३.८)।

---

3 Economic Survey- 2016/17, Ministry of Finance

**तालिका ३.८ : सहकारीको कुल गार्हस्थ उत्पादनमा योगदान**

| | २०६७/ ६८ | २०७३/७४ |
|---|---|---|
| कुल गार्हस्थ उत्पादन (GDP) (प्रचलित मूल्य रु. खर्बमा) | १६.९६ | २५.९९ |
| **सहकारीको** मल्य अभिवृद्धि (प्रचलित मूल्य रु. खर्बमा) | ०.२६ | ०.५७ |
| **सहकारीको योगदान** (प्रतिशतमा) | १.५३ | २.१७ |
| **क्षेत्रगत आधारमा** | | |
| कृषिसम्बन्धी सहकारी | ०.३० | ०.५६ |
| बचत तथा ऋण सहकारी | ०.४३ | ०.८२ |
| गैरकृषि सहकारी | ०.४० | ०.७६ |
| सेवासम्बन्धी सहकारी | ०.००४ | ०.००८ |

स्रोत : अनुसन्धानकर्ताको विश्लेषण

## ३.५ सहकारीका प्रमख सूचकहरूको प्रक्षेपण र रणनीतिक योजनाअन्तर्गत हासिल गर्ने ठोस लक्ष्यहरू

सहकारीका प्रमुख सूचकहरूको प्रक्षेपण र रणनीतिक योजनाअन्तर्गत हासिल गर्ने ठोस एवं परिमाणात्मक लक्ष्यहरू निर्धारण गर्दा सहकारीको कुल पुँजी, बचत र लगानीको कुल गार्हस्थ उत्पादनसँगको सम्बन्ध र लचकता (Elasticity) लाई आधारको रूपमा लिइएको छ। नेपाललाई २०८७ सम्ममा मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुन आवश्यक आर्थिक वृद्धिदर यस अनुमानको प्रमुख आधारको रूपमा रहेको छ। यसअन्तर्गत आगामी २० वर्षमा देशको आर्थिक वृद्धि स्थिर मूल्यमा ७.५ प्रतिशतले रहने मान्यताको आधारमा सहकारी क्षेत्रले आउँदो ५, १०, १५ र २० वर्षमा प्राप्त गर्न सक्ने उपलब्धि र त्यसबाट नेपालको अर्थतन्त्रका विविध क्षेत्रहरूमा हुने योगदानलाई वस्तुपरक रूपमा प्रक्षेपण गर्ने प्रयत्न गरिएको छ। सीमित आँकडाको उपलब्धता र निश्चित मान्यताका आधरमा यो प्रक्षेपणको गरिएकोले यसका आफ्नै सीमाहरू रहेका छन्। यी मान्यता र अनुमानका बिधि अनुसूची ३ मा प्रस्तुत गरिएका छन्। तथापि यो प्रक्षेपणले आगामी दिनहरूमा सहकारी क्षेत्रले निर्धारित लक्ष्यहरू प्राप्त गर्न अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई समेत मार्गनिर्देश गर्ने आशा गरिएको छ।

### ३.५.१ प्रक्षेपित मुख्य लक्ष्यहरू (Goals)

- हाल कुल गार्हस्थ उत्पादनमा रहेको करिब ३ प्रतिशतको सहकारीको योगदानलाई दुई गुणाले वृद्धि गरी आगामी २० वर्षमा ६ प्रतिशत पुऱ्याउने।
- आर्थिक रुपले सक्रिय (१५ वर्ष माथि) जनसंख्याको हाल करिब ३१ प्रतिशतको हाराहारीमा रहेको सहकारी सदस्यको पहुँचलाई आगामी २० वर्षभित्र ७५ प्रतिशतमा पुऱ्याउने।

**तालिका ३.९ : प्रक्षेपित मुख्य लक्ष्यहरू**

| | वर्तमान स्थिति | ५ वर्ष | १० वर्ष | १५ वर्ष | २० वर्ष |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादनमा योगदान | ३.०० | ३.५० | ४.०० | ५.०० | ६.०० |
| क्षेत्रगत सहकारी समूहका आधारमा | | | | | |
| कृषिसम्बन्धी सहकारी | ०.५६ | १.१० | १.५० | १.७५ | २.२० |
| बचत तथा ऋण सहकारी | ०.८२ | ०.७० | ०.५० | ०.४० | ०.३० |
| गैरकृषि सहकारी | ०.७६ | १.२० | १.५० | १.७५ | २.०० |
| सेवासम्बन्धी सहकारी | ०.००८ | ०.५० | १.०० | १.१० | १.५० |
| जनसंख्यामा पहुँच (१५ वर्ष माथिको जनसंख्यामा) | ३१ | ४६ | ५८ | ६८ | ७५ |

स्रोतः अनुसन्धानकर्ताको विश्लेषण

यस अनुमान अनुसार आगामी २० बर्षमा कृषि सहकारी कृषि सहकारी को २.२० प्रतिशत, गैर कृषिको २ प्रतिशत, सेवा सम्बन्धी सहकारीको १.५० प्रतिशत र बचत तथा ऋण सहकारीको ०.३० प्रतिशतको योगदान रहनुपर्ने देखिन्छ। यस अनुसार कृषि तथा गैर कृषि सहकारीको योगदान बढ्नु पर्ने देखिन्छ भने बचत त ऋण सहकारी को योगदान घट्ने देखिन्छ। कृषि, गैर कृषि र सेवा सम्बन्धी सहकारी को मूल्य वृद्धि बचत तथा ऋण सहकारी को भन्दा बढी हुने हुँदा आगामी वर्षहरू मा यस क्षेत्र को संख्या, बचत एंव ऋण लगानी माथि उल्लेखित ७.५ को आर्थिक बृद्धि हासिल गर्न बढ्नु पर्ने देखिन्छ। तथापि बचत तथा ऋण सहकारी को योगदान वास्तविक अर्थमा नघटी अनुपातिक रुपमा मात्र घट्ने देखिन्छ।

### ३.५.२ रणनीतिक योजनाअन्तर्गत हासिल परिमाणात्मक सूचकहरू

- **शेयर पुँजीः** माथि उल्लेखित अर्थतन्त्रमा योगदान पुऱ्याउनको लागि आगामी ५ वर्ष (सन् २०२२ को अन्त्यसम्ममा) यो करिब १.१२ खर्ब हुने प्रक्षेपण गरिएको छ जुन कुल गार्हस्थ उत्पादनको ३ प्रतिशत हुन आउँछ। त्यसैगरी, आगामी १०, १५ र २० वर्षसम्म क्रमशः रु. २.०६ खर्ब, ३.९१ खर्ब र ८.०५ खर्ब पुग्नुपर्नेछ, जुन तत्कालिक कुल गार्हस्थ उत्पादनको क्रमशः करिब ३.८४ प्रतिशत, ५.०९ प्रतिशत र ६.७८ प्रतिशत हुन आउँछ।
- **सहकारी बचतः** रणनीतिक लक्ष्य प्राप्तिको लागि सहकारी क्षेत्रको हालको करिब रु. २.९६ खर्ब बचत आगामी ५ वर्षमा करिब रु. ५.६४ खर्ब हुने देखिन्छ, जुन कुल गार्हस्थ उत्पादनको करिब १५.११ प्रतिशत हुन आउँछ। त्यसैगरी, आगामी १०, १५ र २० वर्षसम्ममा क्रमशः रु. १०.३९ खर्ब, १९.७४ खर्ब र ४०.६२ खर्ब हुनुपर्नेछ। यो प्रक्षेपित कुल गार्हस्थ उत्पादनको क्रमशः करिब १९.३९ प्रतिशत, २५.६७ प्रतिशत र ३४.२२ प्रतिशत हुनुपर्नेछ।
- **सहकारीको ऋण लगानी प्रवाहः** हाल रहेको रु. २.९० खर्ब लगानी आगामी ५ वर्षमा रु. ५.०८ खर्ब हुनुपर्ने देखिन्छ। यो प्रक्षेपण कुल गार्हस्थ उत्पादनको करिब १३.६१ प्रतिशत हुन आउँछ। यसैगरी उक्त लगानी आगामी १०, १५ र २० वर्षसम्ममा क्रमशः रु. ९.६६ खर्ब, रु. १७.७८ खर्ब र रु. ३६.५८ खर्ब हुने प्रक्षेपित अनुमान छ। यो प्रक्षेपण कुल गार्हस्थ उत्पादनको क्रमशः १६.४७ प्रतिशत, २३.१२ प्रतिशत, ३०.८२ प्रतिशत रहनेछ।

- **सहकारी र सहकारी सदस्य सख्याः** हाल करिब ६० लाखको संख्यामा रहेको सहकारी सदस्यको संख्या आगामी ५ वर्षमा ९२ लाख पुग्ने देखिन्छ भने आगामी २० वर्षमा १ करोड ८० लाख पुग्ने अनुमान छ। यो आधारमा १५ वर्षभन्दा माथिको जनसंख्याको करिब ७५ प्रतिशत पुग्ने देखिन्छ। यसैगरी आगामी २० वर्षमा प्रतिसहकारीको सदस्य संख्या १७५ बाट बढेर २०७ पुग्ने अनुमान गरिएको छ। यस अनुमानको आधारमा सहकारीको संख्या ९२००० पुग्ने देखिन्छ। सहकारीको गुणात्मक बृद्धिका लागि सहकारीको संख्या उलेख्यय रुपमा घटाउनु पर्ने परिबेशमा यो संख्या बढी देखिएतापनि सहकारीको संरचनात्मक परिबर्तन (जस्तो कृषि, गैर कृषि तथा सेवा सम्बन्धी सहकारीको सख्या बढ्ने), देश संघिय शासन पद्धतिमा गएको, हाल सहकारीको भौगोलिक रुपमा रहेको असमान उपस्थिति समेतलाई समेत आधार मान्दा यो संख्या ९२००० पुग्ने देखिन्छ।

**तालिका ३.१० : रणनीतिक योजनाअन्तर्गत हासिल परिमाणात्मक लक्ष्यहरू (२०७३/७४ को स्थिर मूल्यमा)**

| | वर्तमान स्थिति | ५ वर्ष | १० वर्ष | १५ वर्ष | २० वर्ष |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन (रु. खर्बमा) | २५.९९ | ३७.३२ | ५३.५७ | ७६.९१ | ११८.६९ |
| पुँजी (खर्बमा) | ०.७१ | १.१२ | २.०६ | ३.९१ | ८.०५ |
| पुँजी जी.डी.पी. अनुपात (%) | २.७५ | ३.०० | ३.८४ | ५.०९ | ६.७८ |
| बचत (खर्बमा) | २.९६ | ५.६४ | १०.३९ | १९.७४ | ४०.६२ |
| बचत जी.डी.पी. अनुपात (%) | ११.३७ | १५.११ | १९.३९ | २५.६७ | ३४.२२ |
| ऋण लगानी (खर्बमा) | २.९० | ५.०८ | ९.३६ | १७.७८ | ३६.५८ |
| ऋण लगानी जी.डी.पी. अनुपात (%) | ११.१५ | १३.६१ | १७.४७ | २३.१२ | ३०.८२ |
| सहकारी सदस्यसख्या (लाखमा) | ६० | ९२ | १२३ | १५९ | १८० |
| १५ वर्ष माथिको जनसख्यामा पहुँच (%) | ३१ | ४६ | ५८ | ६८ | ७५ |
| सहकारीको सख्या (हजारमा) | ३३ | ४९ | ६३ | ७९ | ९२ |
| प्रतिसहकारी सदस्य सख्या | १७५ | १८९ | १९५ | २०३ | २०७ |

स्रोतः अनुसन्धानकर्ताको विश्लेषण

## ३.६ रणनीतिक योजनाअन्तर्गत हासिल गर्नुपर्ने स्थिर लगानी

माथि उल्लेखित उपलब्धि हासिल गर्न गर्नुपर्ने स्थिर लगानी आगामी २० वर्षका लागि प्रक्षेपित गरिएको छ। यसका लागि तालिका ३.११ मा देखाएअनुसारको सीमान्त पुँजी उत्पादन अनुपात[4] प्रयोग गरी अनुमान गरिएको छ। यो सीमान्त पुँजी उत्पादन अनुपात १४ औं योजनामा उल्लेख गरे अनुरूप विभिन्न क्षेत्रहरूको औसतको आधारमा गरिएको छ। साथै उक्त लगानीमध्ये सहकारी र सरकारले गर्ने लगानीको अनुपात क्रमशः ८०% र २०% गरिएको छ।

[4] केन्द्रिय तथ्याङ्क बिभाग को कुल गाहर्स्थ उत्पादन गणना गर्न गरिएको क्षेत्रगत बिभाजन र सहकारी क्षेत्रको बिभाजन फरक रहेको ले सिमान्त उत्पादन पुजी लागत सेवा क्षेत्रमा बढी देखिको छ। यस अध्ययन अनुसार सहकारीको क्षेत्रगत विवरण अनुसूची ३ मा दिइएको छ।

**तालिका ३.११ : सीमान्त पुँजी उत्पादन अनुपात अनुमान**

| क्षेत्र | सीमान्त पुँजी उतपादन अनुपात |
|---|---|
| कृषिसम्बन्धी सहकारी | २.९० |
| बचत तथा ऋण सहकारी | ३.५० |
| गैरकृषि सहकारी | ५.८२ |
| सेवासम्बन्धी सहकारी | ११.२० |

स्रोतः १४ औं योजना र अनुसन्धानकर्ताको विश्लेषणका आधारमा

यस प्रक्षेपण अनुसार आगामी ५ वर्षमा कुल २.६५ खर्ब स्थिर लगानी गर्नुपर्ने देखिन्छ जसमध्ये सहकारीको २.१२ खर्ब र सरकारको ०.५३ खर्ब स्थिर लगानी हुन आउँछ। यो लगानी आगामी २० वर्षमा बढेर १५.६७ खर्ब पुग्ने देखिन्छ जसमध्ये सहकारीको १२.५४ खर्ब र सरकारको ३.१३ खर्ब लगानी गर्नुपर्ने देखिन्छ। क्षेत्रगत आधारमा कृषि र गैरकृषिसम्बन्धी सहकारीको आनुपातिक रूपमा धेरै लगानी गर्नुपर्ने आउँछ। सरकारी लगानी खासगरी भौतिक र शासकिय सरंचना, तालिम तथा क्षमता अभिबृद्धि, नियमन, प्रबिधी हस्तान्तरण र अनुदानको मार्फत हुनेछ भने सहकारी क्षेत्रको प्रमुख रुपमा पुंजी निर्माण, बचत र ऋण लगानि मार्फत हुनेछ।

**तालिका ३.१२ : रणनीतिक योजना अन्तर्गत सहकारी क्षेत्रमा गर्नुपर्ने क्षेत्रगत स्थीर लगानी**
**(रु. खर्बमा)**

| | ५ वर्ष | | | १० वर्ष | | | १५ वर्ष | | | २० वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहकारी | सरकारी | कुल | सहकारी | सरकारी | कुल | सहकारी | सरकारी | कुल | सहकारी | सरकारी | कुल |
| कृषि सम्बन्धी सहकारी | ० .६८ | ० .१७ | ० .८५ | १ .३३ | ० .३३ | १ .६६ | २ .२२ | ० .५६ | २ .७८ | ४ .३१ | १ .०८ | ५ .३९ |
| बचत तथा ऋण सहकारी | ० .१९ | ० .०५ | ० .२४ | ० .२० | ० .०५ | ० .२५ | ० .२३ | ० .०६ | ० .२८ | ० .२६ | ० .०७ | ० .३३ |
| गैरकृषि सहकारी | ० .९४ | ० .२३ | १ .१७ | १ .४६ | ० .३७ | १ .८३ | २ .८२ | ० .७१ | ३ .५३ | ४ .९८ | १ .२४ | ६ .२२ |
| सेवा सम्बन्धी सहकारी | ० .३१ | ० .०८ | ० .३९ | ० .६३ | ० .१६ | ० .७९ | १ .४२ | ० .३६ | १ .७८ | २ .९९ | ० .७५ | ३ .७४ |
| **कुल लगानी** | २ .१२ | ० .५३ | २ .६५ | ३ .६१ | ० .९० | ४ .५२ | ६ .६९ | १ .६७ | ८ .३६ | १२ .५४ | ३ .१३ | १५ .६७ |

स्रोतः अनुसन्धानकर्ताको विश्लेषणका आधारमा